चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

## विज्ञप्ति।

उपर्युक्त सम्बन्धमा मिति २०७८ साल चैत्र १ गते नेपाल सरकारका पूर्व सचिव श्री भीम उपाध्यायको सामाजिक सञ्जाल (Facebook:BhimUpadhyaya) बाट यस चन्द्रकोट गाउँपालिका, गुल्मी ७ नं. वडा रुपाकोटमा निर्माण भएको रुपाकोट स्वास्थ्य चौकी भवन सम्बन्धमा भवन निर्माण सम्पन्न भई गाउँपालिकाले भुक्तानी दिन नसक्दा निर्माण व्यवसायीले उक्त भवनमा ताला लगाएको र स्वास्थ्य चौकी पुरानै गोठमा अझै संचालन हुदैछ। भनी भ्रामक सूचना संप्रेषण भएकोमा उक्त सूचना संप्रेषण प्रति गाउँपालिका कार्यालय खेद प्रकट गर्दछ।

रुपाकोट स्वास्थ्य चौकी भवननिर्माणका लागि संघीय सरकारको विशेष योजना अन्तर्गत रु. २ करोड ५० लाख बराबरको बहुबर्षीय कार्यक्रम स्वीकृत भई विद्युतिय ठेक्का प्रणाली मार्फत स्वीकृत वोलपत्र बमोजिम मिति २०७७/१०/१९ गते डी.एन.डी./पुष्पाञ्जली जे.भी. संग रु. १ करोड ६४ लाख ५हजार ५६ रुपैया (कन्टेन्जेन्सी सहित) मा सम्झौता भई आ.व. २०७७/०७८ मा कार्य प्रगति अनुसार First Running Bill अन्तर्गत रु.९१,२४,८९५/- (अक्षरुपी एकानब्बे लाख चौबीस हजार आठ सय पन्चानब्बे रुपैयाँ मात्र) भुक्तानी गरी बाँकी रहेको बजेट नियमानुसार नेपाल सरकारलाई फिर्ता गरिएकोमा हाल उक्त स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भएको हुँदा भुक्तान गर्न बाँकी रु. ७२ लाख ८० हजार १ सय ६१ रुपैया निकासाका लागी यस कार्यालयको च.नं. ३९, ३८६ र ५४८ मिति २०७८/४/२१, २०७८/८/२१ र २०७८/१०/१० को पत्रबाट नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंमा अनुरोध गरिएको र हालसम्म प्राप्त नभएकोले भुक्तानी गर्न नसकिएको व्यहोरा स्पष्ट पार्न चाहन्छौं।

रुपाकोटमा स्वास्थ्य सेवा गोठबाट संचालन भएको भन्ने विषय भ्रामक र अतिरञ्जित भएको व्यहोरा अनुरोध गर्दै हाल रुपाकोट स्वास्थ्य चौकीको सेवा वडा कार्यालय संचालन रहेको भवनको भूई तला (Ground floor)बाट प्रवाह भईरहेको सम्पूर्ण चन्द्रकोट गाउँवासीलाई अवगत नै रहेको व्यहोरा जानकारीका लागि सादर अनुरोध गर्दै राज्यको उच्च ओहोदामा कार्य गरी अवकाश भएको जिम्मेवार व्यक्तिलाई भ्रामक सूचना सम्प्रेषण गरी गाउँपालिकाको सम्मानमा आँच आउने कार्य नगर्न नगराउन अनुरोध गर्दछौं।

मिति: २०७८ साल चैत्र २ गते (बुधवार)

द्रोण बहादुर खत्री
अध्यक्ष

द्रोण बहादुर खत्री
अध्यक्ष